# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal


केन्द्रीय सचिवालय तथा व्यवस्थापन महानिर्देशनालय

आन्तरिक सञ्चारपत्र

पत्र सङ्ख्याः २०८०।८१
च.नं. ८७६

मितिः २०८०।१०।११

**विषयः कार्यालयको नियमित बैठकको निर्णय सम्बन्धमा**

सबै विभागहरु, सबै महानिर्देशनालयहरू, सबै निर्देशनालयहरू,
महालेखापरीक्षकको कार्यालय।

आज मिति २०८०।१०।११ गते कार्यवाहक महालेखापरीक्षक महेश्वर काफ्लेज्यूको संयोजकत्वमा भएको कार्यालयको नियमित बैठकमा देहाय बमोजिम निर्णय भएकोले उक्त निर्णयहरू कार्यान्वयन/जानकारीको लागि पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

१. वार्षिक लेखापरीक्षण योजना २०८० अनुसार सबै विभाग अन्तर्गतको लेखापरीक्षण माघ मसान्तसम्म प्रारम्भिक प्रतिवेदन जारी गर्ने गरी सम्पन्न गरी लेखापरीक्षणको वार्षिक प्रतिवेदन तयारीको कार्य फागुन फागुन १ गतेबाट शुरू गरिने छ ।
२. सबै लेखाउत्तरदायीहरूज्यूहरुलाई लेखापरीक्षणमा देखिएको व्यहोरा एवं नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS Based) मा आधारित प्रतिवेदन प्रमाणित गर्न सम्बन्धित निकायबाट प्राप्त प्रतिक्रिया प्रमाणको कार्वाही सहित चैत्र ५ गते भित्र प्रतिवेदन सम्वन्धित निकायमा पठाउने ।
३. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम बेरूजु फस्यौट तथा फरफारक भएको विबरण लिई सोही ऐनको दफा ३८(४) बमोजिम केन्द्रीय निकायको लेखापरीक्षण गर्दा परीक्षण गर्ने व्यवस्था मिलाउने ।

रमेश सुवेदी
(निर्देशक)

जानकारीको लागि
श्रीमान् कार्यवाहक महालेखापरीक्षकज्यू
श्रीमान् उपमहालेखापरीक्षकज्यूहरु


Phone: 01-4772220, 4771270, 4262958, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np/ dir.mgnt@oagnep.gov.np/ Web Page: www.oag.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"